# सङ्खुवासभा जिल्ला अदालत, चैनपुरबाट जारी भएको पुरानो भवन लिलाम बढाबढ सम्बन्धी गोप्य शीलबन्दी आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०७६/०५/१६

उपर्युक्त सम्बन्धमा यस सङ्खुवासभा जिल्ला अदालतको नयाँ भवनको देब्रेपट्टी रहेको जिल्ला सरकारी वकिल कार्यालय, चैनपुरले हस्तान्तरण गरी यस अदालतको स्वामित्वमा आएको पुरानो भवन आर्थिक कार्यविधि ऐन, २०६४ को नियम ५८ बमोजिम गोप्य शीलबन्दीको प्रकृयाद्वारा लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएको हुँदा यस अदालतको भवन लिलाम सम्बन्धी मूल्यांकन समितिको मिति २०७६/०५/१६ को निर्णय अनुसार इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट देहायबमोजिमका शर्तहरूको अधीनमा रही रितपूर्वकको निवेदन आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **लिलाम बढाबढ हुने बस्तुको बिबरणः**
   यस अदालत परिसरमा रहेको नयाँ भवनको पूर्व पट्टि रहेको मालपोत जिल्ला सरकारी वकिल कार्यालय, चैनपुरबाट हस्तान्तरण भई यस अदालतको स्वामित्वमा आएको पुरानो भवन र सोमा रहेको भवनसँग सम्बन्धित मालसामानहरू।

२. **लिलाम बढाबढको लागि न्यूनतम मूल्यः** . ४९,१७५।९३ (उनन्चास हजार एकसय पचहत्तर रुपैया त्रीयानब्बे पैसा)

३. लिलाम भएको भवन भत्काउने, लैजाने र परिसर सफा गर्दा लाग्ने सम्पूर्ण खर्चसमेत लिलाम सकार लिलाम सकार गर्ने पक्षले नै बेहोर्नु पर्नेछ।

४. **बोलपत्रको निवेदन दिने अन्तिम मितिः** सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र।

५. **बोलपत्रको निवेदन दस्तुरः** रु.३००।०० (यस अदालतको लेखा शाखामा नगदै दाखिल गर्ने।)

६. **बोलपत्रको निबेदन फाराम पाइने स्थानः** सङ्खुवासभा जिल्ला अदालतको लेखा शाखा।

७. **निवेदकले निबेदन पेस गर्दा पालना गर्नुपर्ने सर्तहरूः**
   क) निबेदन दर्ता गर्दा आफूले बोल कबोल गरेको रकमको १० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सङ्खुवासभाको धरौटी खाता नं. २०८०२०३०००००० (राष्ट्रिय बाणिज्य बैंक, खाँदबारीमा रहेको खाता) मा धरौटी राखेको भौचर शीलबन्दी बोलपत्रसाथ पेस गर्नुपर्नेछ।
   ख) दर्ता भएको बोलपत्रहरू बोलपत्रको निबेदन दिने अन्तिम मितिको भोलिपल्ट बिहानको ११:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ।
   ग) बोलपत्र खोल्ने दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
   घ) बोलपत्र खोल्ने दिन सार्बजनिक बिदा परेमा अदालत खुलेको दिन बोलपत्र खोलिनेछ।
   ङ) बोलपत्रमा बोलपत्रको मूल्य अंक र अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

च) म्याद नाघि आएको, रित नपुगेको र न्यूनतम मूल्यांकन भन्दा कम मूल्य राखी पर्न आएको शीलबन्दी बोलपत्रलाई मान्यता दिइनेछैन।

छ) एक व्यक्ति फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति फर्म, संस्था वा कम्पनीको नाममा दाखिल गर्न पाइने छैन।

ज) बोलपत्रउपर कारबाही भएपछि छनौट भएका बोलपत्रदाताले बुझाउनु पर्ने, बाँकी ९० प्रतिशत रकम निर्णय भएको मितिले ७ दिन भित्रमा माथि उल्लिखित प्रकरण ७(क) बमोजिमको धरौटी खातामा जम्मा गर्नुपर्नेछ। उक्त लिलाम भएको भवन बाँकी ९० प्रतिशत रकम जम्मा भएको मितिले १५ दिन भित्रमा खाली गरी ठाउँ सफा गरी उठाई लगिसकेको हुनुपर्नेछ।

झ) बोलपत्रदाताले लिलाम बढाबढ हुने भनिएको भवन हेर्न चाहेमा अदालत समयभित्र हेर्न र देखाउन सकिनेछ।

ञ) दर्ता भएको बोलपत्र छानबीन लगायत स्वीकृत गर्ने वा नगर्ने समेतका सम्पूर्ण अधिकार आर्थिक ऐन नियमको अधीनमा रही यस अदालतमा निहित रहनेछ।

८. शीलबन्दी बोलपत्रसाथ पेस गर्नुपर्ने कागजातहरू:

व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि, फर्म वा संस्था वा कम्पनीको हकमा आ.ब. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र र आ.व. २०७६/०७७ मा नबीकरण भएको कागजातहरू संलग्न गर्नुपर्ने।

...................

स्रेस्तेदार

२०७७/०५/१६